# ४०आध्यात्मिक उपचार तथा १५ घरेलु उपचार




शैखे तरिकत अमीरे अहले सुन्नत
दअ्वते इस्लामीका संस्थापक
हजरत अल्लामा मौलाना अबु-बिलाल
मुहम्मद इल्यास
अत्तार कादिरी रजवी

٤٠ رُوحانِی عِلاج

40 Ruhani Elaj

# ४० आध्यात्मिक उपचार

यो वर्णन अमीरे अहले सुन्नत, दावते इस्लामीका संस्थापक, हजरत मौलाना मुहम्मद इल्यास अत्तार क़ादिरी रजवी जियाई دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه द्वारा गरीएको हो, जसलाई मजलिसे मक्तबतुल मदीनाले प्रकाशन गरेको छ । मजलिसे तराजिम (अनुवाद गर्ने विभाग), दावते इस्लामीले यस प्रवचनलाई नेपाली भाषामा अनुवाद गरी तपाईंको सामु प्रस्तुत गरेको छ । यदि यसमा केही कमिकमजोरी भएमा मजलिसे तराजिम (अनुवाद गर्ने विभाग), दावते इस्लामीलाई लिखित जानकारी दिई सवाब कमाउनुहोस् ।.

**Translation Majlis (Dawat-e-Islami)**

Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagran, Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan

**UAN:** ☎ +92-21-111-25-26-92 – Ext. 1262

**Email:** 🖃 translation@dawateislami.net

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ
اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# ४० आध्यात्मिक उपचार

शैतानले तपाइँलाई यो पुस्तिका पढ्नबाट रोक्न र अल्छी अनुभव गराउन पूर्ण प्रयास गरे तापनि यो पुस्तक शुरु देखि अन्तसम्म पढ्नुहोस् । अल्लाह عَزَّوَجَلَّ, को महान नामहरुले हृदय आनन्दित हुनेछ । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ.

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## दुरुद शरीफको उत्कृष्टता

हाम्रा मन मस्तिष्कका प्रसन्न दाता, पापीहरुका मोक्षदाता, बेसहाराका सहारा हाम्रा प्यारा नबी हजरत मुहम्मद صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को कथन छ, जो म प्रति बिहिवारको राती र शुक्रवारको दिनमा सय १०० पटक दुरुद शरीफ पढ्छ, अल्लाह तआ़लाले उसको सय १०० वटा इच्छाहरु पूरा गरिदिनु हुन्छ, सत्तरी ७० वटा आखीरतको (मरण पश्चातको जिवनको) र तीस ३० वटा यसै सांसारिक जीवनको ।

(जामिउस् सगीर पृ. नं. ८७ हदीस नं. १४०६, दारुल कुतुबुल् इल्मिया, बेरुत)

# ४० आध्यात्मिक उपचार

हर विर्द (जप) को शुरुमा र आखिरमा एक एक पटक दुरुद शरीफ पढ्नुहोस् । फाइदा नभए जस्तो अनुभव भएमा अरुसँग गुनासो गर्नुको सट्टा आफुले गरेको कुकर्मको कारण ठान्नुहोस् र अल्लाह عَزَّوَجَلَّ को इच्छालाई मध्यनजर राख्नुहोस् ।.

1. هُوَ اللّٰهُ الرَّحِيْمُ

जसले हरेक नमाज पछि सात ७ पटक अल्लाह तआ़लाको उपरोक्त महान नामको जप गर्छ, اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ शैतानको दुष्प्रयास बाट बच्छ र उसको इमान (धार्मिक आस्था) को साथ मृत्यु हुनेछ ।.

2. يَــا اَللّٰهُ

१०० पटक सुत्ने बेलामा पढ्यो भने اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ शैतानहरुको बदी (खराबी), प्यारालाइसिस र मुख बाँगो हुने बिमारीबाट सुरक्षा हुनेछ ।.

## 3. يَـا مَلِكُ

जो कुनै गरीब र असहायले प्रत्येक दिन यस महान नामलाई नब्बे ९० पटक पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ गरिबीबाट छुटकारा पाँउछ।

## 4. يَـا قُدُّوْسُ

को जसले यात्राको बेलामा विर्द (जप) गर्छ اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ थकनबाट बच्छ।

## 5. يَـا سَلَامُ

एक सय एघार १११ पटक पढेर बीरामीलाई फुक्यो भने, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ निको हुनेछ।

## 6. يَــا مُهَيْمِنُ

उन्तिस २९ पटक कुनै चिन्तित, दुखी व्यक्तिले पढेमा, اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ. उसको चिन्ता, दु:ख हराउनेछ ।

## 7. يَــا عَزِيْزُ

एक्चालिस ४१ पटक हाकिम वा प्रशासकसँग भेट्न जानु भन्दा पहिला पढ्नुहोस्, اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ त्यो हाकिम वा प्रशासकबाट दयाभाव प्राप्त हुनेछ ।

## 8. يَــا مُتَكَبِّرُ

एक्काइस २१ पटक प्रत्येक दिन पढ्नुहोस्, डर लाग्दो सपना आउँथ्यो भनेاِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ आउने छैन । (सफलता प्राप्त नभएसम्म उपचार जारी राख्नुहोस्)

## 9. يَـا مُتَكَبِّرُ

श्रीमतिसँग संभोग गर्नु भन्दा पहिला दस १० पटक पढ्नेवाला असल बच्चाको बुवा बन्नेछ। اِنْ شَـآءَاللّٰهعَزَّوَجَلَّ.

## 10. يَـا بَارِئُ

दस १० पटक जसले प्रत्येक शुक्रवार पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसले छोरा पाउनेछ।

## 11. يَـا قَهَّارُ

सय १०० पटक कुनै समस्या आइलागेमा पढ्नुहोस् اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ समस्या सजिलै हराउनेछ।

## 12. يَـا وَهَّابُ

सात ७ पटक जसले प्रत्येक दिन पढ्ने गर्दछ اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसको दुआहरु (प्रार्थना) स्वीकार हुनेछन् ।

## 13. يَـا فَتَّاحُ

सत्तरी ७० पटक प्रत्येक दिन फज्रको नमाज पछि दुबै हाथ छातीमा राखेर पढ्नुहोस् اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ दिलमा परेको दाग, मैला सफा भई स्वच्छ हुनेछ ।

## 14. يَـا فَتَّاحُ

सात ७ पटक जसले प्रत्येक दिन (कुनै पनि समय दिनमा एक पटक) पढ्छ اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसको दिल (मन) प्रकाशमय हुन्छ ।

15. يَـا قَابِضُ، يَـا بَاسِطُ

तीस ३० पटक जसले प्रत्येक दिन पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसले शत्रु माथी विजय प्राप्त गर्नेछ ।

16. يَـا رَافِعُ

बीस २० पटक जसले प्रत्येक दिन पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसको इच्छा पूरा हुनेछ ।

17. يَـا بَصِيْرُ

सात ७ पटक जसले प्रत्येक दिन अस्र नमाजको समयमा (अस्रको शुरुवात देखि सुर्यास्त नभए सम्ममा) पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ अचानक हुने मृत्युबाट बच्नेछ ।

## 18. يَـا سَمِيْعُ

सय १०० पटक जसले प्रत्येक दिन पढ्छ र यो पढ्ने क्रममा कसै सँग बोल्दैन र पढि सकेपछि दुआ (प्रार्थना) गर्छ, اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ जे माग्यो त्यो पाउनेछ ।

## 19. يَـا حَكِيْمُ

अस्सि ८० पटक जसले प्रत्येक दिन पाँचै नमाज पछि पढ्ने गर्दछ, اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ अरुको भरपर्नु पर्नेछैन ।

## 20. يَـا جَلِيْلُ

दस १० पटक पढेर आफ्नो धन सम्पत्ति वा सामानमा फुक्यो भने اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ चोरीबाट बच्नेछ ।

## 21. يَـا شَهِيْدُ

एक्काइस **२१** पटक बिहान (सूर्य उदाउनु भन्दा पहिलै) अवज्ञाकारी (भनेको कुरा नमान्ने) छोरा या छोरीको निधारमा हाथ राखेर आकाश तिर हेर्दै पढियो भने اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसको छोरा वा छोरी ज्ञानी, असल बन्नेछ ।

## 22. يَـا وَكِيْلُ

सात **७** पटक जसले प्रत्येक दिन अस्र नमाजको समयमा पढ्छ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ आपतबाट अल्लाह तआ़लाको शरण पाउनेछ ।

## 23. يَـا حَـمِيْدُ

जसको नराम्रो शब्द बोल्ने बानी छुट्दैन, उसले नब्बे **९०** पटक अल्लाह तआ़लाको उपरोक्त महान नाम पढेर खाली गिलास वा भाँडामा फूँकी, तिर्खा लागेको बेलामा त्यही गिलास वा भाँडामा पानी पिउने गर्दछ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ.नराम्रो शब्द बोल्ने बानी छुट्छ । (एक पटक फुँकेको गिलास कयौं वर्ष सम्म प्रयोग गर्न सकिन्छ ।)

24. يَـا مُحْصِيْ

एक हजार पटक १००० जसले प्रत्येक शुक्रवारको रात (बिहिवार र शुक्रवार बिचको रात) पढ्ने गर्दछ, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ कब्र र क़ियामत (महाप्रलयको दिन) को सजायबाट बच्नेछ ।

25. يَـا مُحْيِيْ

सात ७ पटक पढेर आफुमाथि फुक्नुहोस्, ग्यास्टीक होस् वा पेट वा शरीरको कुनै पनि भागमा दुखाई होस्, वा शरीरको कुनै पनि अंग क्षति हुने डरहोस् اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ. फाइदा हुनेछ । (उपचारको समय अवधि :- जब सम्म निको हुँदैन तब सम्म प्रत्येक दिन कम्तिमा एक पटक)

26. يَـا مُحْيِيْ، يَـا مُمِيْتُ

सात ७ पटक प्रत्येक दिन पढेर आफु मथि फुक्नुहोस्, टूना आदीले असर गर्न सक्दैन । اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ.

## 27. يَـا وَاجِدُ

जसले खाना खाँदा हरेक गाँसमा पढ्छ, .اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ त्यो खाना उसको पेटमा गएर नूर (प्रकाश) हुनेछ र रोग बीमारी पनि टाँढा हुनेछ।

## 28. يَـا مَاجِدُ

दस १० पटक पढेर शरबत वा अन्य कुनै पेय पर्दाथमा फुकेर जसले खान्छ اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ कठिन बीमारी हुँदैन।

## 29. يَـا وَاحِدُ

एक हजार एक पटक १००१ जसलाई एक्लै हुँदा डर लाग्छ , एक्लैमा पढ्नुहोस् اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ दिलबाट भय जान्छ।

30. يَـا قَادِرُ

जसले `वुजु गर्दा, शरिरको हरेक भाग पखाल्दा पढ्ने बानी बनाउँछ اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ उसलाई शत्रुले अपहरण गर्न सक्दैन ।

31. يَـا قَادِرُ

एक्चालिस ४१ पटक कठिनाईको समयमा पढ्नुहोस् اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ कठिनाई सजिलै हराउनेछ ।

32. يَـا مُقْتَدِرُ

बिस २० पटक जसले प्रत्येक दिन पढ्दछ اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ अल्लाह पाकको दयाको छाँयामा हुनेछ ।

## 33. يَـا مُقْتَدِرُ

बिस २० पटक जसले सुतेर उठेपछि पढ्ने गर्दछ उसको हर कार्यमा अल्लाह عَزَّوَجَلَّ को सहयोग पुग्नेछ। اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ.

## 34. يَـا اَوَّلُ

सय १०० पटक जसले प्रत्येक दिन पढ्ने गर्दछ, اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ उसको श्रीमतिले उसलाई माया गर्नेछ।

## 35. يَـا مَانِعُ، يَـا مُعْطِىْ

श्रीमति रिसाएकीछे भने श्रीमानले र श्रीमान रिसाएको छ भने श्रीमतिले, सुत्नु भन्दा पहिला ओछ्यानमा (बिस्तरामा) बसेर अल्लाह तआ़लाको उपरोक्त महान नाम बिस २० पटक पढ्नुहोस्, اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ. मेलमिलाप हुनेछ। (उपचार अवधि : सफलता प्राप्त नभए सम्म)

## 36. يَـا ظَاهِرُ

घरको भित्तामा लेख्नुहोस्, اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ भित्ता भत्किने छैन ।

## 37. يَـا رَؤُوْفُ

कसैले कुनै अत्याचारमा परेको व्यक्तिलाई अत्याचारीबाट बचाउन चाहन्छ भने यो महान नाम दस १० पटक पढेर त्यो अत्याचारीसँग कुरा गर्न गएमा اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ त्यो अत्याचारी व्यक्तिले उसको अनुरोध मान्नेछ ।

## 38. يَـا غَنِيُّ

ढाड को हड्डी, घुँडा, जोर्नी वा शरिरको जुन सुकै भागमा दुखाई भएमा हिँड्दा, डुल्दा, उठ्दा, बस्दा पढी रहनुहोस् اِنْ شَـآءَاللّٰه عَزَّوَجَلَّ दुखाई कम हुँदै जानेछ ।

## 39. يَــا مُغْنِىُ

हाथमा एक १ पटक पढेर फुक्नुहोस् र जहाँ दुखेकोछ त्यहाँ मल्नुहोस् اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ दुखाईबाट राहत पाउनुहुनेछ।

## 40. يَــا نَافِعُ

बिस २० पटक, जसले कुनै पनि काम शुरु गर्नु भन्दा पहिला पढ्छ اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ त्यो काम उसको इच्छा अनुसार पूरा हुनेछ।

# १५ घरेलु उपचार

## कपाल झर्नबाट रोक्ने र लामो बनाउने तरिका

- २५० ग्राम अमला, १२५ ग्राम सिकाकाइ र १२५ ग्राम मेथिको दाना पिसेर दुई चम्चा आवश्यकता अनुसार राती पानीमा भिजाएर राख्नुहोस् र बिहान छानेर टाउको धुनुहोस् । हप्तामा एक पटक यो कार्य गर्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ कपाल झर्न बन्द हुनेछ र कपाल लामो हुन पनि थाल्ने छ ।

- अमलाको पाउडर बनाउनुहोस्, आवश्यकता अनुसार पाउडरमा पानी मिलाएर गाढा लेप बनाउनुहोस् र त्यसलाई पुरै कपालको जरामा लगाउनुहोस् केहीछिन पछि टाउको धुनुहोस् ।

## दाँत दुखेको र सुन्नीएको घरेलु उपचार

गिजा सुनिन्छ, रगत वा पीप निस्किन्छ भने थोरै तातो पानीमा थोरै फिट्किरी हाल्नुहोस् र फिटकिरी पानीमा घुले पछी त्यस पानीले दाँत र गिजामा मल्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ धेरै फाईदा हुनेछ ।

# सुगर(मधुमेह) को घरेलु उपचार

- ठूलो इलाइचीको भित्रबाट दाना निकालेर प्रत्येक दिन बिहान र बेलुका पाँच पाँच दाना चपाउनुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ चाँडै निको हुनेछ।

- अमला, जामुनको दाना र करेलाको दाना यो तिनै चीजहरूको बराबर तौल लिएर पाउडर बनाउनुहोस्, सुगर (DIABETES)को उत्तम औषधी तयार भयो, यो पाउडरलाई सानो चम्चाको एक चम्चा दिनमा एक वा दुई पटक लिनुहोस् समस्या बढ्नबाट रोक्नेछ।

# महिनावारीको दुखाईको घरेलु उपचार

जसलाई महिनावारी को दिनहरूमा पेट र कम्मर दुख्छ भने नाइटोमा तेल लगाउनुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ दुखाईबाट मुक्ती प्राप्त हुनेछ।

# झाडापखालाको २ घरेलु उपचार

- आधा चम्चा चियापत्ती पानीले निल्नुहोस् झाडापखाला निको हुनेछ। साना बच्चाहरूलाई एक चुट्की चियापत्ती पानीले नै اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ उनिहरूलाई पनि फाइदा हुनेछ।

- २) हरियो पुदिनाको पात घाममा सुकाएर पिनेर त्यसको पाउडर डब्बामा राख्नुहोस् । यदी कहिले झाडापखाला लाग्यो भने बिहान र बेलुका आधा चम्चा पानीसँग पिउनुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ आँतमा शितल हुनेछ र निको हुनेछ ।

## नाकबाट रगत निस्किएमा घरेलु उपचार

कागतीको रस कपडामा छानेर ड्रपरले नाकमा थोपा थोपा हाल्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ रगत बन्द हुनेछ ।

## नाक बन्द भएमा घरेलु उपचार

राती नाक बन्द हुन्छ र साँस लिन गाह्रो हुन्छ भने नीमको थोरै ताजा पात सफा गरेर पानीमा उमाल्नुहोस् र त्यस पानीमा नून हाली घोलेर मनतातो भएपछि त्यस पानीले नाक धुनुहोस् र दिनमा दुई पटक त्यसैले कुल्ला गर्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ नाक खुल्नेछ ।

## बाडुलीको दुई उपचार

- कागजको थैली वा प्लास्टिकको थैली (पोलिथिन) ले नाक र मुख यसरी छोप्नुहोस् की हावा बाहिर ननिस्कोस् र साँस थैली भित्रै फेर्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ एक दुई मिनेट मै बाडुली बन्द हुनेछ ।

- एउटा सानो इलाइची राम्रोसँग चपाएर निल्नुहोस् र तुरुन्तै एक गिलास चिसो पानी पिउनुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ बाडुली बन्द हुनेछ ।

## मुखबाट दुर्गन्ध हटाउने तीन घरेलु उपचार

- काँचो प्याज र काँचो लसुन खानाले मुख गनाउने गर्दछ । अदुवाको टुक्रा खूब चपाएर खानुहोस्, यसै गरी ज्वानो वा गूड (भेली) वा सौफ वा केही सानो इलाइची खूब चपाएर निल्नुहोस् اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ दुर्गन्ध जानेछ ।

- १२ वटा नीमको पात एक गिलास पानीमा राम्रोसँग उमालेर छान्नुहोस् र मनतातो भएपछि गरारा (घाँटी सम्म पानी पुग्ने गरी कुल्ला) गर्नुहोस् । यसको राम्रोसँग प्रयोग गर्नाले मुखको भित्रका भाग सफा हुने र मुख गनाउन बन्द हुनेछ ।

- मनतातो पानीमा नून मिलाएर गरारा (घाँटी सम्म पानी पुग्ने गरी कुल्ला) गर्नुहोस् ।

# सुन्नतको बहार (खुशी)हरु

اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ कुरआन र सुन्नतको सिद्धान्त सारा संसारमा फैलाउने, अराजनैतिक समूह दावते इस्लामीका आनन्दमयी मदनी वातावरणमा सुन्नतहरु सिक्ने र सिकाउने गरिन्छ । हरेक विहिवार मग्रिबको नमाजपछि तपाईको शहरमा दावते इस्लामीको हरेक हफ्ता हुने सुन्नतले भरिपूर्ण इज्तिमामा अल्लाह عَزَّوَجَلَّ को रिजाको लागि राम्रो राम्रो नियत (भित्री विचार) को साथ पुरै रात बिताउने मदनी आग्रह छ । आशिकाने रसूल ( रसूलका आशिकहरु) सँग मदनी काफिलामा सवाब (पुण्य) को नियतले सुन्नत सिक्नका निम्ति यात्रा र दैनिक फिक्रे मदीना (ध्यान) द्वारा मदनी इन्आमातको कार्ड भरि हरेक मदनी महिनाको शुरुको १० दिन भित्र आफ्नो क्षेत्रको जिम्मेवार इस्लामीभाई लाई बुझाउने बानी बसाल्नुहोस् । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ यसको बरकत (लाभ) ले सुन्नतको पालना गर्न, पापहरु सँग घृणा गर्न र आफ्नो ईमान (धार्मिक विश्वास) को संरक्षण गर्नका लागि होशियार हुने विचार बन्नेछ ।

हरेक इस्लामी दाजु भाईहरुले यो सोच बनाउनु होस के “मलाई आफ्नो र सम्पूर्ण संसारका मानिसहरुको सुधारको प्रयास गर्नुछ ।” اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ आफ्नो सुधारको प्रयासको लागि मदनी इन्आमातको पालना र सारा संसारका मानिसहरुको सुधारको प्रयासको लागि मदनी काफिला मा यात्रा गर्नुछ । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ.

Web: www.dawateislami.net

الحمد لله رب العالمين والصلاة والسلام على سيد المرسلين أما بعد فأعوذ بالله من الشيطان الرجيم بسم الله الرحمن الرحيم


# सुन्नतको बहार (खुशी)हरु

الحمد لله عزوجل कुरआन र सुन्नतको सिद्धान्त सारा संसारमा फैलाउने, अराजनैतिक समूह दावते इस्लामीका आनन्दमयी मदनी वातावरणमा सुन्नतहरू सिक्ने र सिकाउने गरिन्छ । हरेक बिहिवार मग्रिबको नमाजपछि तपाईंको शहरमा दावते इस्लामीको हरेक हप्ता हुने सुन्नतले भरिपूर्ण इज्तिमामा अल्लाह عزوجل को रिजाको लागि राम्रो राम्रो नियत (भित्री विचार) को साथ पूरै रात बिताउने मदनी आग्रह छ । आशिकाने रसूल (रसूलका आशिकहरू) सँग मदनी काफिलामा सवाब (पुण्य) को नियतले सुन्नत सिक्नका निम्ति यात्रा र दैनिक फिक्रे मदीना (ध्यान) द्वारा मदनी इनआमातको कार्ड भरि हरेक मदनी महिनाको शुरुको १० दिन भित्र आफ्नो क्षेत्रको जिम्मेवार इस्लामीभाइ लाई बुझाउने बानी बसाल्नुहोस् । إن شاء الله عزوجل यसको बरकत (लाभ) ले सुन्नतको पालना गर्ने, पापहरू सँग घृणा गर्ने र आफ्नो ईमान (धार्मिक विश्वास) को संरक्षण गर्नेका लागि होशियार हुने विचार बन्नेछ ।

हरेक इस्लामी दाजु भाइहरूले यो सोच बनाउनु होस कि "मलाई आफ्नो र सम्पूर्ण संसारका मानिसहरूको सुधारको प्रयास गर्नुछ ।" إن شاء الله عزوجل आफ्नो सुधारको प्रयासको लागि मदनी इनआमातको पालना र सारा संसारका मानिसहरूको सुधारको प्रयासको लागि मदनी काफिला मा यात्रा गर्नुछ । إن شاء الله عزوجل





MAKTABATUL MADINAH
Aalmi Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagran
Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan
UAN: +92 21 111 25 26 92 Ext: 1262
E-mail: translation@dawateislami.net Web: www.dawateislami.net